जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ०१८ | २०८२ साल भदौ १५ गते आईतवार | Sunday-31-August-2025 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## खानेपानी मन्त्री यादवसंग फोनमा चर्को स्वरमा बोल्ने साह प्रहरी हिरासतमा

***शु.आ. सम्बाददाता***
***कलैया, १४ भाद्र***



जनताबाट निर्वाचित भएका जनप्रतिनिधिहरु मन्त्री तथा प्रधानमन्त्री हुने देशमा मन्त्रीसँग आफ्नो दुःखेसो पोख्ने क्रममा चर्को स्वरमा कुरा गर्ने स्थानीय किरण साहलाई प्रहरीले हिरासतमा राखेको छ ।

वीरगंज महानगरपालिका-२४ की साहले हैजाको कारण आफ्नै परिवारका सदस्यहरू अस्पतालको सघन कक्षामा उपचाररत रहेको भन्दै मन्त्री यादवलाई पटक-पटक फोन गरेकी थिइन् ।

फोन रिसिभ नहुँदा र आफ्नो परिवार सहित वीरगंजबासीको समस्याले पिडित साहले खानेपानी मन्त्री प्रदिप यादवको फोन रिसिभ हुँदा चर्को स्वरमा कुरा गर्न पुगेकी छिन् ।

समाजिक सञ्जालमा भाइरल बनेको साह र मन्त्री यादवको अडियोमा साहले मन्त्री यादवलाई वीरगंजमा दूषित पानी वितरण भएकाले हैजा फैलिएको भन्दै सोधपुछ गरेकी छिन् । उक्त भाइरल अडियोमा साहले मन्त्रीलाई सोध्छिन्, "कति जनाको हैजाबाट मृत्यु भयो? परीक्षण नगरी पानी किन वितरण गर्नुभयो? मेरो आफ्नै परिवारको सदस्य आयसीयूमा छ, म तपाईंलाई छोड्दिनँ, डर लाग्दैन ।" प्रष्ट सुनिन्छ ।

पिडित भएकोले साहले आक्रोश सहित मन्त्री यादवलाई जिम्मेवारी बोध गराउँदै हैजा नियन्त्रणमा सरकारले चासो नदिएको आरोप लगाएकी छिन् । यसरी मन्त्री यादवसँग चर्को स्वरमा कुरा गरेको हुनाले खानेपानी मन्त्रीको सचिवालयले शनिबार जिल्ला प्रहरी कार्यालय बीरगंजमा उजुरी दिएका छन् । उजुरीको आधारमा साहलाई वीरगंज मुर्लीबाट पक्राउ गरी बिधुतिय अपराध सम्बन्धी कसुरमा अनुसन्धान गर्न हिरासतमा राखिएको प्रहरीले जानकारी दिएको छ । खानेपानी मन्त्री यादव पर्सा निर्वाचन क्षेत्र नम्बर १ बाट नै दोस्रो पटक निर्वाचित जनप्रतिनिधि रहेका छन् । आफ्नो निर्वाचन क्षेत्रको स्थानियले चर्को स्वरमा बोल्नु तथा तपाईलाई छोड्दिन, डर लाग्दैन भन्दै प्रहरीमा उजुरी दिनु कतिको जायज रहेको भनि स्थानीयहरुले प्रश्न गरेका छन् ।

## सशस्त्र प्रहरी उपरीक्षक केसी घुमुवा परिचालन गरी संरक्षण गर्दै बारामा तस्करी

***शु.आ. सम्बाददाता***
***कलैया , १४ भाद्र***




बाराको सिमासुरक्षा सँगै राजश्व चुहावट नियन्त्रण गर्न मुख्य जिम्मेवारी पाएका सशस्त्र प्रहरी बल नेपाल १२ नम्बरको प्रमुख सशस्त्र प्रहरी उपरीक्षक खुम बहादुर केसी घुमुवा परिचालन गरी तस्करी संरक्षण गरेको आरोप रहेको छ ।

सशस्त्र प्रहरी उपरीक्षक केसीले घुमुवा परिचालन गरेसँगै बाराको सिमानाकाबाट तस्करी फस्टाएको छ । सशस्त्र प्रहरी उपरीक्षक केसीले सशस्त्र प्रहरी हवल्दार राजेश यादवको कमाण्डमा थप दुई जनालाई घुमुवा परिचालन गरेका छन् ।

यादव सँगै कृष्ण गुप्ता र अमृत द्विवेदी घुमुवाको रुपमा परिचालन भएपछि बाराको बलिरामपुर, मुसहार्व, छातवा, कल्याणपुर, मटिआर्वा, बसतपुर, पिपरपाती, आमवा, कबहीगोठ नाका , बनौली, बेल्दारी , पथलवाघाट , सिम्रौनगढ, कचोर्वा नाकाबाट लत्ताकपडा, हार्डयेवर, काजु, कवाड, चिनी, रजनिगन्धा, राजनिवास , बटर क्रिम, मोटर पार्टस लगायतको ठुलो मात्रामा तस्करी हुने गरेको श्रोतको दाबी रहेको छ । उक्त नाकाबाट तस्करी गर्ने ब्यापारीहरुसँग सशस्त्र प्रहरी घुमुवा यादवको नेतृत्वमा रहेको टोली रकम असुली गरी तस्करीको ग्रिन सिग्नल दिने गरेको समेत दाबी रहेको छ । घुमुवाद्वयले सशस्त्र प्रहरी बल १२ नम्बर गणको प्रमुख केसीको नाममा ठुलो ब्यापरीहरुसँ पैसा असुली गरेपछि बोओपि तथा फरवार्ड क्याम्पसहरुलाई मिलाई भित्री बाटोबाट तस्करी गराउने गरेको दाबी रहेको छ । भने मुख्य नाकाहरुबाट साना ब्यापारीहरुको मालसमान पक्राउ गरी सार्वजनिक गर्ने देखिन्छ ।

यस बिषयमा सशस्त्र प्रहरी बल नेपाल १२ नम्बरको प्रमुख खुम बहादुर केसीसँग प्रतिक्रिया लिन खोज्दा आफु स्कटिङमा बाटोमा रहेकोले पछि कुरा गर्ने भनि पन्छिएको छन् ।

## एन प्याब्सन द्वारा कलैया उप-महानगरपालिका स्तरिय हाजरी जवाफ प्रतियोगिता सम्पन्न

***साजिर मन्सूर***
***कलैया, १४ भाद्र***




नेशनल प्याब्सन बाराले कलैया उप-महानगरपालिका स्तरिय हाजरी जवाफ प्रतियोगिता सम्पन्न गरेको छ । शनिबार कलैयाको मेरीगोल्ड बोर्डिङ स्कुलमा सम्पन्न प्रतियोगितामा सुहानी ईङ्लिश बोर्डिङ्ग स्कुल दोहरी प्रथम भएको छ । सुहानि बोर्डिङका तर्फबाट आदित्य कुशवाहा,सुहानी साह र रोनित चौधरीको टिम प्रथम भएको एन प्याब्सन बाराका अध्यक्ष प्रभुलाल कुश्वाहाले जानकारी गराएका छन । त्यस्तै मेरी-गोल्ड सेकेन्ड्री ईंग्लिश बोर्डिङ स्कुल ,कलैया दोस्रो भएको छ । मेरी गोल्डको तर्फबाट आर्दश बैठा,कुन्दन यादव र अस्मिता राय यादवको टिम सहभागी थियो । तेस्रो इन्टरनेशनल स्याम्बोसिक ई बो स्कुल ,कलैया भयो । तेस्रो हुने बिधालयका तर्फबाट हरिओम कुमार यादव,सक्षम चौधरी र नरमादा कुशवाहा सहभागी थिए । बिजेताहरुलाई विभिन्न पुरस्कार बितरण गरिएको छ ।

बिनोद मणि महतोको अध्यक्षता तथा जिल्ला अध्यक्ष प्रभुलाल प्र कुशवाहाको प्रमुख आतिथ्यमा भएको प्रतियोगितामा बिशिष्ट अतिथी पुनदेव चौधरी,मदन रिजाल,सिकिन्द्र प्र कुशवाहा ,गौरीशंकर प्र कुशवाहा , सुनिल साहको उपस्थिति थियो ।प्रतियोगिता को संचालन बसन्त धिमिरे ले गरेका थिए ।

## कोल्हबी उद्योग वाणिज्य संघ कार्यसमिति असफल, नवीकरण बिना नै अधिवेशन गर्दै

***नबिन चौधरी***
***कोल्हवी, १४ भाद्र***




बारा जिल्लाको कोल्हबी नगर उद्योग वाणिज्य संघको कार्यसमिति असफल साबित भएको छ । तीन बर्षको नवीकरण नरहेको संस्थाले भोलि १५ गते आइतबारको दिन अधिवेशन गराउने भनिएकोले सो कार्यसमिति असफल साबित भएको हो ।

कोल्हबी नगरपालिका वडा नम्बर १ मा अवस्थित तामागढी इभेन्ट भेन्यु होटेलको पार्टी प्यालेसमा आयोजना गरिएको दोस्रो अधिवेशन तथा साधारणसभाको खुल्ला सत्र कार्यक्रममा संस्थापक अध्यक्ष महेश कुमार साहले सो कुराको खुलासा गरेका छन् ।

तीन बर्षको कार्यकालमा संघको कार्यसमितिले कुनै पनि बिषयमा सल्लाह समेत नलिई डुबाउन तिर लगेको भन्ने कुरा प्रष्ट पार्दै अवहेलना भएको भन्दै मन्तव्यको क्रममा दुःख व्यक्त गरे । संस्थापक अध्यक्ष भएकोले संस्था प्रति लागाव रहेको कुरा बताउदै संघको कामकाजी वातावरण र सहयोगी माहौल बनाउनका लागि थप सहयोग र ध्यान पुर्याउन आग्रह गरे । खुला सत्रको उद्घाटनको कार्यक्रमको सभापतित्व कोल्हबी नगर उद्योग वाणिज्य संघको अध्यक्ष लक्ष्मी प्रसाद साहले गरेका थिए भने प्रमुख अतिथिको रुपमा कोल्हबी नगर प्रमुख राम प्रसाद चौधरी उपस्थित रहेको थियो । उनले कोल्हबी बजार क्षेत्रको विकास र नविकरणका लागि आगामी योजनाहरुको बारेमा सल्लाह सुझाव दिए । संघका सचिव गणेश शिवाकोटीले ३ वर्षको आर्थिक आयव्यय प्रस्तुत गर्दै संघका गतिविधिहरु र योजनाहरुका बारेमा जानकारी दिएका थिए । यसका अतिरिक्त, विभिन्न सामाजिक र व्यापारिक गतिविधिहरुको चर्चा समेत गरेका थिए । अधिवेशनको क्रममा विभिन्न संस्थागत पहल र सहयोगका गतिविधिहरुको पनि चर्चा गरिएको छ। संघले कोल्हबी नगरपालिका अन्तर्गत सार्वजनिक स्थानहरूमा २४ थान पंखा जडान गर्ने, शिव मन्दिरको भित्र हनुमान मन्दिर निर्माण, दुर्गा मन्दिरको रंग रोगन र बत्तिहरू जडान लगायतका कार्यहरु सम्पन्न गरेको जानकारी गराइएको थियो । साथै, खाद्यान्न प्रविधि र गुण नियन्त्रण कार्यालयसँग मिलेर १ दिने सचेतना मुलक कार्यक्रम समेत आयोजना गरिएको छ । सत्रमा कोल्हबी नगरका प्रमुख, उप प्रमुख, वरिष्ठ व्यापारीहरू, समाजसेवीहरू, तथा अन्य राजनीतिक नेताहरुले शुभकामना मन्तव्य पनि व्यक्त गर्नुभयो । यस अवसरमा, विभिन्न स्कूलका उत्कृष्ट विद्यार्थीहरुलाई सम्मान गरिएको थियो, जसमा प्रीन्स चौधरी, सफल जयसवाल, पलक जयसवाल लगायतका विद्यार्थीहरुलाई सम्मानित गरिएको छ । संघले गरेका संस्थागत सहयोगहरू पनि प्रस्तुत गरेका थिए । यसअन्तर्गत, नव दुर्गा पुजा समिति कोल्हबीलाई ३० हजार रुपियाँ, हनुमानगंज बजार व्यवस्थापन समितीलाई ५,५५५ रुपियाँ, मान्सी बाबा क्लबलाई ५,१०० रुपियाँ जस्ता सहयोगहरु प्रदान गरिएको छ । सङ्गठनको तर्फबाट आगामी योजनाहरु र कार्यहरूको लागि महासचिव शम्भु साहले आइतबार बिहान १० बजे बन्द सत्र हुने जानकारी दिएका छन् ।

सम्पूर्ण कार्यक्रमको समापनसँगै कोल्हबी नगर उद्योग वाणिज्य संघले आफ्नो आगामी विकास र समृद्धिका लागि दृढ संकल्प व्यक्त गरेको छ ।

## हैजा संक्रमणको जोखिम बढेपछि वीरगंजका सबै विद्यालय थप तिन दिनका लागि बन्द

***बीरगंज, १४ भाद्र***

वीरगंज महानगरपालिका भित्र हैजाको संक्रमण बढ्दै गएपछि महानगरपालिकाले सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरू थप तिन दिनका लागि बन्द गर्ने निर्णय गरेको छ ।

बढ्दो जोखिमलाई ध्यानमा राख्दै भाद्र १५ गतेदेखि १७ गतेसम्मका लागि सबै विद्यालयहरू बन्द गरीएको छ । हैजाको संक्रमण फैलन नदिन महानगरपालिकाले विशेष सावधानी अपनाउन सबैलाई आग्रह समेत गरेको छ ।

यस अवधिमा विद्यार्थीहरूलाई भीडभाड हुने ठाउँमा नजान, व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिन र सुरक्षित तथा शुद्ध खानेपानी मात्र प्रयोग गर्न आग्रह गरिएको छ ।

महानगरपालिकाले अभिभावक र विद्यालय व्यवस्थापनलाई यस स्वास्थ्य संकटको बेला आफ्ना बालबालिकालाई सुरक्षित राख्न आवश्यक सहयोग गर्न अनुरोध गरेको छ ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - विश्रामपुर गाउँपालिका, बारा

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुबे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

# हैजाको प्रकोपबारे सतर्कता जरुरी

नेपालमा वर्षाको समयमा फाट्टफुट्ट देखिने गरेको हैजा (कोलेरा) यतिबेला वीरगंज महानगरमा महामारीकै रुपमा समुदायस्तरमा फैलिएको छ । हालसम्म वीरगंजका विभिन्न वडामा ३४४ बढी बिरामीमा झाडापखाला र हैजाको सङ्क्रमण पुष्टि भएको छ भने दुई जनाले ज्यान गुमाइसकेका छन् । वीरगंज स्थित नारायणी अस्पताल, तराई हस्पिटल, नेसनल मेडिकल कलेज, अर्थो सेन्टर र भवानी हस्पिटलमा यतिबेला झाडापखाला र हैजाका बिरामी भरिएका छन् । स्वास्थ्य कार्यालय पर्साले ९३ जनामा हैजा सङ्क्रमण पुष्टि भएको जनाएको छ । विभिन्न अस्पतालमा भर्ना भएका बिरामीमध्ये १७८ जना डिस्चार्ज भएका छन् । समुदायस्तरमा हैजा फैलिएको पुष्टि भएपछि यसले अन्य जिल्लामा पनि महामारीको रुप लिनसक्ने जोखिमसमेत बढाएको छ । हैजाको प्रकोप समुदायस्तरमै फैलिएपछि वीरगंज महानगरपालिकाले सम्पूर्ण शैक्षिक संस्था केही दिनका लागि बन्द गर्ने निर्णय गरेको छ । गर्मी समय, दूषित पानी, फोहोर र मानिसहरुको बढी आवतजावत हुने ठाउँमा हैजाको प्रकोप हुने भएकाले चितवनवासीलाई उच्च सतर्कता अपनाउन जनस्वास्थ्य कार्यालय चितवन र भरतपुर अस्पतालले पनि अनुरोध गरेका छन् ।

हैजा (कोलेरा) मानिसमा सबैभन्दा चाँडो सर्ने सरूवा रोगमध्येको एक हो । हैजा भिब्रियो कोलेरा नामको ब्याक्टेरिया भएको दिसाको सम्पर्कमा आएको पानी तथा खानेकुराका कारण फैलिने सङ्क्रामक रोग हो । खासगरी, सरसफाइ र असुरक्षित पिउने पानीका कारण हैजाको जोखिम बढाउने गर्दछ । ब्याक्टेरियाका कारण फैलिएको हैजा होस् वा अन्य सङ्क्रामक रोग नै किन नहोस् पूर्वसतर्कता अपनाउन सकियो भने मात्र जोगिन सकिन्छ । कोलेरा ब्याक्टेरियाले सानो आन्द्रामा सङ्क्रमण गरेपछि झाडापखाला लाग्ने गर्दछ । तारन्तार चौलानीजस्तो पातलो दिसा आउने, लगातार बान्ता हुने, थकाइ लाग्ने, मांसपेशी दुख्ने, खुट्टा बाउँडिने, पेट दुख्ने, अत्यधिक तिर्खा लाग्नेजस्ता लक्षण देखिने र शरीरमा इलेक्ट्रोलाइटको असन्तुलनका कारण बिरामीको अवस्था गम्भीर भई मृत्युसमेत हुन सक्छ । चिकित्सकहरुले यस्ता लक्षण देखिनासाथ तुरून्त नजिकको स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीलाई सम्पर्क गर्नसमेत अनुरोध गरेका छन् । यो रोग छिटो फैलने भएकाले घर, छिमेक, टोल सफा राख्न तथा पानीको मुहान र स्रोतमा ध्यान दिन आवश्यक हुन्छ । फोहोर वातावरण र दूषित पानी नै हैजा निम्त्याउने कारक भएकाले पानी सकभर उमालेर मात्र पिउने वा राम्रोसँग फिल्टर गरिएको सुरक्षित पानी पिउने, सडकछेउमा राखिएका खाद्य पदार्थ सेवन नगर्ने, खाना राम्रोसँग पकाएर खाने, खुला ठाउँमा दिसापिसाब नगर्ने र राम्रोसँग साबुनपानीले हात धोएर मात्र खानेकुरा खाने गरेमा यस रोगबाट बच्न सकिन्छ ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)का अनुसार विश्वमा हरेक वर्ष हैजाका कारण एक लाख ४३ हजार मानिसको मृत्यु हुने गरेको छ । केही वर्षअघि काठमाडौंमा यस्तै हैजाको महामारी देखिएको थियो । हरेक वर्ष हैजाका कारण बिरामीले ज्यान गुमाउने गरेका छन् । सन् २००९ मा जाजरकोटमा सबैभन्दा बढी हैजाको रिपोर्ट गरिएको थियो । त्यसबेला हैजाबाट ३० हजार बढी मानिस प्रभावित भएका थिए भने ५०० बढीले ज्यान गुमाएका थिए । कोलेरा जीवाणु मानिसको शरीरमा छिरेपछि १२ घन्टादेखि पाँच दिनमा लक्षण देखिने र समयमै उपचार नपाए मृत्युसमेत हुने सम्भावना बढी हुने चिकित्सकले जनाएका छन् । बढ्दो जनसंख्याको चाप, प्रदूषित वातावरण र अस्वस्थकर खानपानका कारण पछिल्लो समय हैजाको महामारी बढ्दै गएको भन्दै चिकित्सकहरुले सावधानी अपनाउन आग्रह गर्दै आएका छन् । यतिबेला हैजाको रोकथाम र नियन्त्रणमा तीनै तहका सरकार जुटेका छन् । जनस्तरबाट पनि सबैले समयमै सचेत भई सरसफाइ र सुरक्षित खानेपानीमा ध्यान सकिए हैजा र अन्य सरूवा रोगबाट बच्न सकिन्छ ।

# भन्नोस् त, देश कसले बनाउँछ ?



धर्मराज भट्टराई

राजनीतिक नेतृत्वले दीर्घकालीन सोचसहितका योजना बनाएर अगाडि बढ्नुपर्ने देखिन्छ । अन्यथा नेपाल जहाँको तहीँ हुनेछ ।

बलिउड एवं हलिउड फिल्महरूमा सुपरहिरोका कथा एवं कला हेर्न र सुन्न पाइन्छ । यी फिल्ममा देखाइएका सुपरहिरोहरू सामान्य व्यक्तिको तुलनामा असाधारण शक्ति, क्षमता वा गुण भएका हुन्छन् । उनीहरूसँग कुनै पनि समस्याको सजिलै र छोटो समयमै समाधान गर्न सक्ने क्षमता भएको देखाइन्छ ।

सबैका प्रिय पात्र बनेका यस्ता हिरोहरू सधैं सत्य र न्यायका लागि लडाइँ लड्ने, विकृति र विसंगतिविरुद्ध आवाज उठाउने र समाजलाई शान्त, समृद्ध एवं सम्पन्न बनाउन अग्रसर बन्ने गरेको पाइन्छ । उदाहरणको रूपमा, स्पाइडरम्यान, सुपरम्यान, आइरन म्यान र वन्डर वुमनजस्ता पात्रहरू सुपर हिरोका रूपमा प्रसिद्ध छन् । अहिलेको समयमा नेपाली समाजले समेत यस्तै सुपर हिरोको खोजी गरिरहेको देखिन्छ । मुलुकमा व्याप्त आर्थिक, सामाजिक एवं राजनीतिक समस्याहरू समाधानका लागि सुपर हिरो आउनेछ र क्षणभरमै सबै समस्याको समाधान गर्नेछ भन्ने आशामा आमनागरिक बसेका देखिन्छन् ।

पछिल्लो समय मुलुकको अवस्थालाई लिएर नागरिकहरू चिन्तित छन् । विशेषगरी, राजनीतिक अस्थिरता, बढ्दो भ्रष्टाचार, बेरोजगारी एवं विभिन्न क्षेत्रमा देखिएको बेथितिका कारण उनीहरूमा असन्तुष्टि छाएको छ ।

दैनिकजसो बाहिर आउने भ्रष्टाचारका काण्ड र यसमा मुछिएका पूर्वप्रधानमन्त्री, मन्त्री, सचिव, पूर्वसचिव एवं आफूलाई विशिष्ट भन्न मन पराउने नेता तथा कार्यकर्ता, व्यापारी एवं उद्योगपतिहरू देखेर यिनीहरूप्रति विश्वास गुम्दै गएको छ । स्थापित राजनीतिक दलका नेतृत्वहरूले बारम्बार मुलुकको शासनसत्ताको बागडोर सम्हाल्ने मौका पाउँदासमेत यस्ता समस्या सम्बोधन गर्न सकेको छैन ।

यसैकारण अहिलेको अवस्थाबाट पार पाउन नागरिकहरू आतुर देखिन्छन् । उनीहरू समस्याहरूको तत्काल समाधान खोजिरहेछन् । जसले गर्दा भ्रष्टाचार अन्त्य हुनेछ । देशको कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकालाई चुस्त दुरुस्त एवं निष्पक्ष हुनेछ । मुलुकमा विद्यमान बेरोजगारीको समस्या समाधान गर्दै आर्थिक एवं सामाजिक रूपले मुलुकलाई रातारात समृद्ध बन्नेछ । जसरी फिल्महरूमा देखाइएका सुपरहिरोहरूबाट हुन्छ ।

नयाँ जनवादी व्यवस्था कायम गर्ने भन्दै करिब ३० वर्षअघि अर्थात् १ फागुन २०५२ मा प्रचण्ड नेतृत्वको तत्कालीन नेकपा माओवादीले सशस्त्र विद्रोह घोषणा गऱ्यो । समाजमा विद्यमान आर्थिक विभेदको अन्त्य गर्ने, जातीय, लैंगिक र क्षेत्रीय विभेद अन्त्य गर्ने, विभिन्न भाषाभाषी, धर्म, कलासंस्कृति आदिको संरक्षण गर्दै उनीहरूको अधिकारको रक्षा गर्ने, मुलुकको आर्थिक विकास विकसित मुलुकको दाँजोमा पुऱ्याउनेजस्ता आश्वासन दिएर गरिएको दसवर्षे कथित जनयुद्धमा सत्र हजारभन्दा बढीले ज्यान गुमाए । हजारौं बेपत्ता भए, सयौं अंगभंग भए । परिवर्तनको आशामा २८ चैत २०६४ मा सम्पन्न पहिलो संविधानसभा निर्वाचनमा नेपाली जनताले माओवादीलाई पहिलो राजनीतिक शक्ति बनाउन लागिपरे र बनाएरै छाडे । तथापि, एकपटक सत्ताको स्वाद चाखेको क्रान्तिकारी भनिएको पार्टीले आफ्ना सबै प्रतिबद्धता भुलेको देखिन्छ । आफूलाई परिवर्तनका संवाहक मान्नेहरूले सत्ता मात्र परिवर्तन गरिरहेका देखिन्छन् । सत्ताका निमित्त आफ्ना सिद्धान्त, उद्देश्य तथा विचारधारालाई समेत तिलाञ्जली दिन तयार देखिन्छन् ।

यसपछि उनीहरूबाट समस्याको समाधान नहुने निष्कर्षमा अहिले समाज पुगेको देखिएको छ । पछिल्ला निर्वाचनको परिणामले यसलाई पुष्टि गरेको छ । यही अवस्थामा केही नयाँ राजनीतिक दल एवं स्वतन्त्र व्यक्तिहरूले आफूले सबै समस्याको समाधान गरिदिने भन्दै अगाडि बढेको पनि देखियो ।

वितृष्णा र निराशाले अत्तालिएका नेपाली जनताले उनीहरूका आश्वासन र प्रतिबद्धतामाथि सजिलै विश्वास गरेको पाइयो । विशेषगरी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) गठन भएको ६ महिनामै संसदीय निर्वाचनमा होमिएर अप्रत्याशित नतिजा ल्याउन सफल भयो ।

रास्वपाले निर्वाचनमा २० सिट प्राप्त गर्दै प्रतिनिधिसभामा चौथो दल बन्न सफल भयो भने उपनिर्वाचनबाट अर्को एक सिटसमेत थप्न सफल भयो । तथापि, जुन प्रतिबद्धता र सपना देखाएर पार्टी अगाडि बढेको थियो, अहिले त्यो दिवास्वप्न जस्तै बन्न थालेको छ । पार्टी सभापति विभिन्न काण्डमा मुछिएर जेलजीवन बिताइरहेका छन् भने पार्टी अस्तव्यस्त बनेको छ । यस्तै, काठमाडौं र धरानका मेयरबाट पनि समाजले ठूलो आशा गरेको थियो । उनीहरूको नेतृत्वले सबै समस्याको समाधान एकैपटक हुने विश्वास उनीहरूको थियो । तर, त्यस्तो हुन सकेको छैन ।

नेपाली समाजको आशा राजनीतिक दल र तिनका नेतामा मात्र सीमित देखिन्न । केही समयअघि सहकारीबाट लिएको ऋण तिर्न नपर्ने भन्दै एक व्यक्तिको पछि लगेर काठमाडौंमा हजारौं मानिसहरू जम्मा भएका थिए । आफूलाई सामाजिक अभियन्ता भन्न रुचाउने ती व्यक्ति अरू कोही नभई दुर्गा प्रसाईं थिए । उनले आफ्ना सबै समस्या समाधान गर्नेछन् भनेर समेत केही मानिस उनको पछि लागेका थिए । करिब ६ महिना लामो जेल बसाइपछि प्रसाई भर्खरै छुटेका छन् । यतिमात्र होइन अहिले कतिपयले पूर्वराजा ज्ञानेन्द्र शाहबाट समेत आशा गरेर उनलाई पुन: गद्दीमा ल्याउनु पर्छ भन्दै हिँडेका देखिन्छन् । उनले मुलुकको विद्यमान समस्या समाधान गर्नेछन् भन्नेको पनि कमी छैन । यी केही प्रतिनिधि उदाहरणमात्र हुन् । भोलिका दिनमा अन्य व्यक्ति पनि अगाडि आउनेमा दुईमत छैन । किनकि समाज सुपरहिरोको प्रतीक्षामा छ । सुपरहिरो नयाँ युवा नै भन्ने पनि छैन, होइन, पुरानैबाट पनि त्यो स्वरूपमा काम भइदिए आमनागरिकलाई पुग्नेछ ।

भ्रष्टाचार गर्दै अकुत सम्पत्ति जोडेका मानिसलाई समाजले बहिष्कार गर्न सक्दैन। उल्टै सम्मान दिन्छ। यस्तो अवस्थामा मुलुकमा रहेका विद्यमान समस्याहरू राजनीतिक दलका नेताले गर्दा मात्र समाधान हुन नसकेको भन्न कत्तिको जायज होला ?

कुनै पनि मुलुकको समृद्धिमा त्यस देशको राजनीतिक नेतृत्वले महत्वपूर्ण भूमिका खेल्नेमा कुनै दुई मत देखिँदैन । मुलुकको शासनसत्ताको बागडोर सक्षम, दूरदर्शी एवं अनुशासित व्यक्तिको हातमा रहँदा धेरै समस्याहरूको निदान हुन सक्छ । तथापि, समस्याको समाधानमा आमजनता र नागरिक समाजको समेत उत्तिकै भूमिका छ । मुलुकका बासिन्दाहरूले राज्यप्रतिको जिम्मेवारी र सामाजिक उत्तरदायित्व बिर्सिंदा अहिलेको अवस्था आएको हामीले बिर्सिन मिल्दैन । आफ्ना सन्ततिलाई सरकारी छात्रवृत्तिमा डाक्टर बनाएर विदेश पठाउने अनि मुलुकमा स्वास्थ्य सेवा कमजोर भयो भनेर आरोप लगाउने समाज यही छ । इन्जिनियर बनेका छोराछोरीले विदेशमा बाटोघाटो, भवन, पुल, खानेपानी, जलविद्युत्, सिँचाइका परियोजनाहरू निर्माण गरेका छन् । त्यही समाजले नेपालमा पूर्वाधारको विकास भएन भन्दै आलोचना गरेको छ ।

सरकारी विद्यालयमा पढाउने शिक्षकले निजी विद्यालयमा छोराछोरी पढाएका छन् । सरकारी अस्पतालमा रहेका डाक्टर निजी अस्पताल धाएका देखिन्छन् । भ्रष्टाचार गर्दै अकुत सम्पत्ति जोडेका मानिसलाई समाजले बहिष्कार गर्न सक्दैन । उल्टै सम्मान दिन्छ । यस्तो अवस्थामा मुलुकमा रहेका विद्यमान समस्याहरू राजनीतिक दलका नेताले गर्दा मात्र समाधान हुन नसकेको भन्न कत्तिको जायज होला ? यसबारे मनन् गर्न जरुरी देखिन्छ । विकास बहुआयामिक तथा गतिशील प्रक्रिया हो । विगत आधा शताब्दीअघिको आर्थिक-सामाजिक अवस्था र अहिलेको अवस्थामा आकाश जमिनको फरक छ । तथापि, अन्य मुलुकको तुलनामा यसको गति भने सुस्त भएकोमा भने स्विकार्नु पर्छ । फिल्महरूमा देखाइएका सुपरहिरोहरूले जस्तो क्षणभरमै कसैले पनि मुलुकलाई आर्थिक एवं सामाजिक रूपले सम्पन्न बनाउन सक्दैन ।

यसका लागि पर्याप्त समय, उचित योजना, दीर्घकालीन सोच र प्रभावकारी कार्यान्वयनको आवश्यकता पर्छ । राजनीतिक नेतृत्वले दीर्घकालीन सोच सहितका योजना बनाएर अगाडि बढ्नुपर्ने देखिन्छ । जसको कार्यान्वयनमा आमजनता र नागरिक समाजले सहकार्य गर्नुपर्ने आवश्यकता छ । हाम्रै समाजले सिर्जेका समस्याहरूको समाधान समाजभित्रबाटै खोजिनुपर्ने देखिन्छ । कुनै बाहिरबाट आउने दोस्रो एवं तेस्रो व्यक्तिको आशामा बस्यौं भने समस्या ज्युँकात्युँ रहनेछ । समाजले सुपरहिरोको प्रतिक्षा गर्नुभन्दा आफ्नो सामाजिक उत्तरदायित्वप्रति गम्भीर भएको खण्डमा मात्र छिट्टै समृद्धिको सास फेर्ने आशा गर्न सकिन्छ ।


गौर प्राथमिक कान उपचार केन्द्र
गौर - १, रौतहट
यहाँ कान सम्बन्धी विभिन्न रोगको अनुभवी
डाक्टर तथा आधुनिक मेशिन द्वारा उपचार गरिन्छ

सम्पर्क नं - + ९७७ ९८५११९१०५०,९८४४४४४३४७
इंडियन नं :- +91 8935959150
सम्पर्क स्थान :- जिल्ला प्रशासन कार्यालय गौर
दक्षिण तर्फ , शिवालय मंदिर से उत्तर

## अन्तराष्ट्रिय समाचार

# नेपाल हुँदै तीन पाकिस्तानी मलेसियामा

नेपालको बाटो हुँदै तीन पाकिस्तानी मलेसिया पुगेको पाइएको छ । अध्यागमन विभागले दिएको जानकारीअनुसार चार दिनअघि नै उनीहरू फरक-फरक समयमा मलेसिया पुगेका हुन् । यही अगस्ट ८ मा नेपाल आएर हसनैन अली र आदिल हुसैन १५ तारिखमा तथा अगस्ट १० मा नेपाल आएका मोहम्मद उस्मान २४ तारिखमा मलेसिया गइसकेका छन् ।

भारतको बिहारमा चुनाव मिति घोषणा नभए पनि त्यहाँको निर्वाचन आयोगले अक्टोबर-नोभेम्बरका लागि मिति तोक्न सक्ने सम्भावना छ । ( यो समाचारमा बिहारको निर्वाचन मिति तोक्नु अघिको समाचार हो )

नेपाल आएका ती पाकिस्तानी भारत पसेको भन्दै भारतीय सञ्चारमाध्यमले समाचार सम्प्रेषण गरेपछि नेपालको अध्यागमन विभागले उनीहरू भारत नभई मलेसियातर्फ उडेको स्पष्ट पारेको हो ।'उनीहरू पाकिस्तानबाट दुबई हुँदै नेपाल आएको देखिन्छ । नेपालमा उनीहरू केही दिन बसेर मलेसिया गएको देखिन्छ । त्यसकारण बाहिर आएको हल्लामा अध्यागमन विभागको विश्वास छैन,' विभागका प्रवक्ता टीकाराम ढकालले भने ।

भारतले नेपालको बाटो हुँदै जैस-ए-मोहम्मद समूहका तीन पाकिस्तानी'आतंकवादी' विहारमा प्रवेश गरेको भन्दै सीमा सुरक्षा व्यवस्था कडा पारेको समाचार भारतीय सञ्चारमाध्यमले सम्प्रेषण गरेका छन् । 'उनीहरू उता (विहारतिर) गएका होलान् भन्ने हामीलाई लागेको छैन । सीमा क्षेत्रको सुरक्षामा सधैं नै सजगता अपनाइन्छ । उनीहरूलाई कारण बनाएर सीमा कडाइ गरिएको हो भन्ने अध्यागमन विभागलाई लागेको छैन,' प्रवक्ता ढकालले भने । उनीहरूको पासपोर्ट कालोसूचीमा नभएको र इन्टरपोलले पनि कुनै जानकारी नगराएका कारण आउनेजाने भएको ढकालको भनाइ छ । 'उनीहरूको पासपोर्ट कालोसूचीमा थिएन,



इन्टरपोलले पनि केही भनेको थिएन,' ढकालले भने ।

'आतंककारी' घुसेको भन्दै भारतको प्रहरी मुख्यालयले सुरक्षाकर्मीलाई उच्च सतर्क अवस्थामा राखेको र गुप्तचर निकाय पनि परिचालन गरेको समाचार भारतीय मिडियाहरूले प्रकाशन-प्रसारण गरेपछि अध्यागमन विभागले यस्तो जानकारी दिएको हो । उनीहरू पाकिस्तानबाट दुबई हुँदै नेपाल आएको देखिन्छ । नेपालमा उनीहरू केही दिन बसेर मलेसिया गएको देखिन्छ : टीकाराम ढकाल, प्रवक्ता, अध्यागमन विभाग

नेपाल प्रहरीले उनीहरू नेपाल आएको मितिलाई आधार मानेर कहाँ बसेको र के गतिविधि गरेको भनी अनुसन्धान थालेको छ । नेपाल प्रहरीको विशेष ब्युरोले अनुसन्धान सुरु गरेको हो ।'हामीले उनीहरूका गतिविधिबारे केही जानकारी पाइन्छ कि भनेर हेरिरहेका छौं,' नेपाल प्रहरीका एक उच्च अधिकारीले भने ।

लामो समयदेखि भारत आतंककारी हमलाको चपेटामा परेको छ । भारतमाथि आतंककारी हमला हुँदा त्यसविरुद्ध लड्न नेपालले साथ दिँदै आएको छ । पछिल्लो समय पहलगाममा आतंककारी हमलापछि पनि नेपालले भारतलाई साथ दिएको थियो । गत वैशाखमा पहलगाममा आक्रमण हुँदा प्रधानमन्त्री केपी शर्मा ओलीले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई टेलिफोन गरी आतंकवादविरुद्धको लडाइँमा नेपालको साथ रहने प्रतिबद्धता जनाएका थिए ।

एक नेपालीसहित २६ जनाको ज्यान जाने गरी भारतको जम्मु-कश्मीरको पहलगाममा भएको आतंककारी आक्रमणको चौतर्फी आलोचना भएको थियो । उक्त आक्रमणपछि भारत-पाकिस्तानबिच द्वन्द्व चर्किएको थियो । पाकिस्तानप्रति भारत आक्रामक भएको छ । यी दुई देशबिच युद्ध हुँदा दक्षिण एसियाका देशहरू प्रभावित भएका थिए । पहलगाममा भएको आक्रमणपछि नेपाल-भारत सीमा क्षेत्रमा पनि सुरक्षा व्यवस्था कडा पारिएको थियो । पहलगाम आक्रमणमा बुटवलका सुदीप न्यौपानेको मृत्यु भएको थियो । नेपालीको ज्यान गएकाले पहलगाम आक्रमणपछि नेपालको सुरक्षा व्यवस्था पनि विशेष चासोको विषय बनेको छ । उक्त आक्रमणप्रति नेपालले घोर आपत्ति जनाएको थियो ।

खुला सीमा भएका कारण सुरक्षालाई लिएर दुवै देशले बेलाबेलामा चिन्ता व्यक्त गरिरहेका हुन्छन् । खासगरी भारतले नेपालसँगको सीमामा सुरक्षा कडा बनाउनुपर्ने धारणा राख्दै आएको छ । नेपाल हुँदै भारतमा आतंककारीहरू छिर्ने गरेको दाबी भारत पक्षले पहिल्यैदेखि गर्दै आइरहेको छ । नेपालले पनि सीमाबाट आपराधिक गतिविधि हुँदै गरेको र त्यसलाई नियन्त्रणमा ल्याउनुपर्ने भन्दै आएको छ । त्यसका लागि बेलाबेलामा दुई देशबिच रहेको सुरक्षा संयन्त्रको बैठक बसेर त्यसमा छलफल गरिरहेका हुन्छन् ।

भारत-पाकिस्तानबिच तनाव बढे दक्षिण एसियाका देशहरूमा सिधा असर पर्ने देखिन्छ । खासगरी नेपाल-भारतबिचको खुला सीमाले बढी प्रभाव पार्ने देखिन्छ । यसकै परिणाम जैस ए मोहम्मदका हसनैन अली, आदिल हुसैन र मोहम्मद उस्मान नेपालको बाटो हुँदै भारतमा घुसेको आशंका भारतीय सञ्चारमाध्यमले गरेको देखिन्छ । भारतीय सञ्चारमाध्यम 'इन्डिया टुडे'ले उनीहरू तीनै जना पाकिस्तानी नागरिक भएको र उनीहरू भारतमा घुसेको सूचनाले सुरक्षा निकायमा हलचल पैदा भएको जनाएको थियो । तर उनीहरू नेपाल-भारत सीमाको कुन नाका भएर बिहार प्रवेश गरे र कहिले प्रवेश गरे भन्ने समाचारमा उल्लेख छैन । भारतको न्युज-एट्टिनको अनलाइन संस्करणमा लेखिएअनुसार उनीहरूको हुलिया र परिचयसहितको विवरण प्रहरीका सबै युनिटमा पठाइएको छ र सतर्क रहन भनिएको छ । यसैगरी इटिभी भारतले विहारका खासगरी सीतामढी, मधुवनी, पश्चिम चम्पारण, अररिया, किसनगन्ज र सुपौलका प्रहरीहरूलाई अलर्टमा राखिएको जनाएको छ र संदिग्ध गतिविधिलाई निगरानी गर्न भनिएको छ ।

यसअघि सन् २०२४ मा पनि नेपालबाट आतंककारी घुसेको भन्दै तीन जनालाई भारतीय सुरक्षाकर्मीले पक्राउ गरेका थिए । २०७२ सालमा इस्लामिक स्टेट (आइएस) बाट पनि भारतमा आक्रमण भएको थियो । त्यतिबेला पन्जाबसँग सीमा जोडिएको पठानकोटमा हमला भएको थियो । गत वैशाखमा आतंकवादी आक्रमणको बदलामा भारतले पाकिस्तानमा 'अपरेसन सिन्दूर' नामको सैन्य कारबाही सुरु गरेसँगै नेपालमा समेत सुरक्षा सतर्कता बढाइएको थियो । त्यो सतर्कता अहिले पनि कायम रहेको सुरक्षा स्रोतले जनाएको छ । त्यतिबेला भारतले नेपाल र पाकिस्तानसँग सीमा जोडिएको उत्तर प्रदेशसहित पन्जाब र राजस्थानमा 'रेड अलर्ट' जारी गरेको थियो । भारतले संवेदनशील क्षेत्र घोषणा गरेका क्षेत्रमा आपत्कालीन अभ्यास र ब्ल्याकआउटको अभ्यास गरेको थियो । नागरिकन्युज

## पूर्व राष्ट्रपति.....

महिलाको भूमिका

नेपालको समृद्धिको बाटो प्राकृतिक स्रोत, जनशक्ति र सांस्कृतिक विविधताको विवेकपूर्ण उपयोगमा रहेको उल्लेख गर्दै उनले स्वदेशी उत्पादनमा आधारित अर्थतन्त्र निर्माणमा महिलाको भूमिका महत्वपूर्ण हुने बताइन् । कृषिमा आधारित उद्योग, जडिबुटी, आयुर्वेद, साना तथा मझौला उद्योग, पर्यटन र सूचना प्रविधि क्षेत्रको प्रवर्द्धन आवश्यक रहेको उनले औंल्याइन् ।

परिवारदेखि उद्योग, शिक्षा, स्वास्थ्य र सामाजिक परिवर्तनसम्म महिलाको योगदान महत्त्वपूर्ण रहेको उल्लेख गर्दै उनले त्यो योगदानलाई अझै पर्याप्त सम्मान प्राप्त नभएको टिप्पणी गरिन् । "अब महिलाहरू नेतृत्व गर्न, उद्यम सञ्चालन गर्न र समाज परिवर्तन गर्न सक्षम छन् भन्ने अवस्थाको निर्माण गर्नुपर्छ," पूर्व राष्ट्रपतिको भनाइ थियो । सम्मेलनबाट नयाँ स्वरको शुरुवात हुने विश्वास

कार्यक्रममा वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतमले नारीहरू अझै पनि विविध कठिनाइ र विभेदको सामना गरिरहेको उल्लेख गर्दै यो सम्मेलनले उनीहरूको आवाज बुलन्द गराउने विश्वास व्यक्त गरे । "एउटा आशा र भरोसाको दियो आज बाल्ने प्रयास गरेका छौँ," उनले भने ।

संघको महिला उद्यमशीलता विकास समितिकी सभापति डा. लक्ष्मी गुप्ताको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विभिन्न क्षेत्रबाट योगदान पुऱ्याएका २५ जना महिलाहरूलाई प्रमुख अतिथि भण्डारीले दोसल्ला र सम्मानपत्रद्वारा सम्मान गरिन् ।

यो सम्मेलनले महिला नेतृत्व, उद्यमशीलता र समान अवसरप्रतिको प्रतिबद्धता पुनः पुष्टि गर्दै भविष्यमा नीति निर्माणका लागि सशक्त सन्देश दिएको आयोजकको विश्वास छ । सँम्भारः रेस खबर

### नेपाल सरकार
### भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण
### भूमि व्यवस्थापन तथा अभिलेख विभाग
### भूमि सुधार तथा मालपोत कार्यालय
### बारा कलैया

**विषयः - हकदावि सम्बन्धी ३५ दिने सार्वजनीक सूचना ।**

यसमा जिल्ला बारा साविक गा.वि.स. कोल्हवी वडा न. ६ हाल कोल्हवी नगरपालिका वडा न.१ बस्ने लालमोहर पनुहरू थारुले उल्लेखित जग्गा साविक देखी खनजोत गरी कमाई खाई आएको र उक्त जग्गा अरु कसैको हकभोग नरहेको कुनै किसिमको मसान घाट डगर बगर नभएको हुँदा छुट जग्गा दर्ता गरी पाउँ भनी यस कार्यालयमा द.न. १५०१३ मिति २०६९।११।२३ र द.न. १५४० मिति २०८२।०४।२५ मा निवेदन गर्नु भएकोले यो सूचना जारी गरीएको छ । निवेदकको माग वमोजीम तपशिलमा उल्लेखित जग्गा छुट जग्गा दर्ता गर्न नमिलने कुनै कारण वा प्रमाण भए वा कोही कसैको हक दावी लागने भए वा कुनै किसिमको सरकारी सार्वजनीक सम्पतीकों हानी नोकसानी हुने भए आफु संग रहेको स-प्रमाण सहित आफै वा वारेस मार्फत बाटोको म्याद वाहेक ३५ दिन भित्र उजुर बाजुर गर्न आउनु होला वा लिखित जवाफ दर्ता गराउनु होला अन्यथा कानून बमोजीम भई जाने छ । पछी उजुर बाजुर समेत लाग छैन व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपसिल

| जिल्ला | गा.बि.स. | वडा नं. | किता नं. | ज. बि. |
|---|---|---|---|---|
| बारा | कोल्हबी | ६ | ३६ | ०-६-१० |

### नेपाल सरकार
### भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण
### भूमि व्यवस्थापन तथा अभिलेख विभाग
### भूमि सुधार तथा मालपोत कार्यालय
### बारा कलैया

**विषयः - हकदावि सम्बन्धी ३५ दिने सार्वजनीक सूचना ।**

यसमा जिल्ला बारा साविक गाविस हरैया वार्ड नं ३ हाल करैयामाई गा.पा वार्ड नं १ बस्ने स्वर्गीय गुन्जा हजराको दुई जना छोराहरुमा जेठो छोरा भाल हजरा र कान्छो छोरा अकल हजरा रहेकोमा भाल हजराको नाममा नाप नाक्सा भएको जिल्ला बारा गाविस सिहोर्वा वार्ड नं ५ग को कि.नं १५ को ज. वि ०-७-० र ऐ.ऐ को कि.नं १४ को ज.वि. ०-१३-० जग्गा रहेको फिल्डबुकको ज.ध महल खालि भई मोही महलमा भाल हजरा दुसाद मौजे मधुवन कैफियतको व्यवहोरामा यो जग्गा हालअवाधी हो। मैले २०१९ साल देखी जोति तिरो तिरान गरेको छु भनि सहि गर्ने भाल हजरा दुसाद उल्लेख भएकोमा निज भाल हजरा दुसाल प्रलोक भई निजको जिवनकालबाट कुनै पनि छोरा छोरीको जन्म नभई निसन्तान रहेको हुदावनिजको कान्छो भाई अकल हजरा पनि प्रलोक भईसक्दा निज अकल हजराको एक मात्र छोरा र ज.धको भतिजा संतोषी हजरा रहेको हुदा निज संतोषी हजरा पनि मिति २०६५/०४/२० गते प्रलोक भई सक्दा निजको शेषपछिको हकदार निजकै तिन जना छोराहरु क्र.म सिताराम पासवान बलिराम हजरा र हरिदयाल हजराले उपरोत अनुसारको जग्गा बाजेको शेषपछि हकखाने व्यवहोर्ने हकदार दाजुभाई बाहेक अरु कोहि नरहेकोले हाम्रो संयुक्त नाममा छुट जग्गा दर्ता नामसारी गरि पाउँ भनि यस कार्यालयमा द.नं २१२३९ मिति २०८०/१२/०१को निवेदनबाट माग दाबी गरेकाले माग बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण वा प्रमाण भए कोहि कसैले हकदावी भए वा कुनै किसिमको सरकारी सार्वजानीक सम्पतिको हानी नोक्सानी हुने भए आफु संग रहेको स-प्रमाण सहित आफै वा वारेस मार्फत वाटोको म्याद बाहेक ३५ दिन भित्र उजुर बाजुर गर्न आउनु होला वा लिखित जवाफ दर्ता गराउँनु होला अन्यथा कानुन बमोजिम भई जाने छ । पछि उजुर बाजुर समेत लाग्ने छैन ब्यवहोरा यसै सुचना मार्फत जनकारी गराईन्छ ।

हैजा
Cholera

हैजा Vibro Cholera भने कीटानु बाट हुन्छ ।



यो संक्रमित पानी र खाना बाट फैलिन छ र बिरीमीको दिसा र वान्ता सम्पर्क आएमा ।

लक्षणहरू :

पातलो र सेतो झाडा पखाला हुने
वान्ता हुने धेरै कमजोरी हुने
मांस पेसी दुखने
ब्लड प्रेसर कम हुने र मुटुको चाल बढ्ने





रोकथाम :

खाना भन्दा अगाडी हात राम्री धुने
पानी उमालेर पिउने
खाना राम्री पकाएर खाने





उपचार :

ORS खाने
Antibiotic: Azithromycin/Doxycycline
( Or according to Doctor Advice )
पीनीको कमी हुन न दीने



प्रसौनी गाउँपालिका
प्रसौनी, बारा

ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका, बारा

# जेहादी आतंकवाद बिरुद्ध राष्ट्रिय एकता अभियान

***बारा , १४ भाद्र***

बाराको परवानीपुर गाउँपालिका-५, रामपुरमा जेहादी आतंकवाद बिरुद्धको जनजागरण अभियान अन्तर्गत राष्ट्रिय एकता अभियानले भेला सम्पन्न गरेको छ ।



कार्यक्रमका प्रमुख वक्ता अभियानका केन्द्रीय अध्यक्ष विनय यादवले मधेश प्रदेशमा बढ्दो जेहादी गतिविधिप्रति गम्भीर चिन्ता व्यक्त गर्दै नेपाललाई पुनः हिन्दू राष्ट्र घोषणा गर्नुपर्ने आवश्यकता औंल्याए । उहाँले विश्वशान्तिका लागि हिन्दू दर्शनको विश्वव्यापी प्रचार-प्रसार अपरिहार्य भएको बताउँदै, राष्ट्रिय एकता अभियानले यही अभियानलाई अघि बढाइरहेको उल्लेख गरे ।

त्यसैगरी समाजसेवी एवं हाड-जोरनी विशेषज्ञ डा. अजय यादवले नेपालका राजनीतिक दलहरूले सनातन संस्कृति र मूल्यप्रति देखाएको उदासीनताका कारण देशमा जेहादी घुसपैठ बढ्दै गएको बताए । उहाँले हिन्दुत्वको संरक्षणमा नागरिक सचेतना आवश्यक रहेको जोड दिए ।

भेलामा अभियानका अवधेश मण्डल, रामाशीष यादव तथा संरक्षक सेवक सौरभनाथ बाबालगायतले मन्तव्य राखेका थिए । कार्यक्रममा अभियानी सन्दीप रायभरले सञ्चालन गरेका थिए । कार्यक्रमले स्थानीय तहमा अभियानको संगठन विस्तार गर्ने निर्णय गर्दै नयाँ समिति गठन समेत गरेको छ ।

# पूर्वराष्ट्रपति भण्डारीलाई सिमरामा ५१ किलोको मालाले स्वागत

***बारा , १४ भाद्र***

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई शनिबार सिमरामा ५१ किलोको मालाले स्वागत गरिएको छ । वीरगन्जमा आयोजना हुन लागेको महिला सम्मेलनमा सहभागी हुन् आउने क्रममा भण्डारीलाई सिमरा विमानस्थलमा ५१ किलोको मालाले स्वागत गरिएको हो । पूर्वराष्ट्रपति भण्डारीलाई स्वागत गर्न नेकपा एमालेका केन्द्र, प्रदेश, नगर र वडा स्तरका कार्यकर्ता, सम्मलेन आयोजक सिमरा विमानस्थल पुगेका थिए । भण्डारीलाई एमाले स्थायी कमिटी सदस्य मुकुन्द न्यौपाने, पोलिटव्यूरो सदस्य पुरुषोत्तम पौडेल, केन्द्रीय सदस्य अरविन्द सिंह, प्रदेश सचिव मनोज पौडेल, जीतपुरसिमरा उपमहानगरपालिकाका नगर उपप्रमुख भोलाप्रसाद अधिकारी, चयन गुरुङ, राज महमद राय, कमलेश झा, इश्वर ढकाल, जीतपुरसिमरा नगर कमिटीका अध्यक्ष त्रिलोक बिक्रम शाहसहित केन्द्र, प्रदेश र वडातहका नेताकार्यकर्ताले स्वागत गरेका थिए । भण्डारीलाई स्वागत गर्न बाराको चार वटै निर्वाचन क्षेत्रबाट एमालेका कार्यकर्ता र स्थानीय उपस्थित थिए । भण्डारीले विमानस्थलको बाहिरसम्म लामबद्ध भएर बसेका नेताकार्यकर्ता र स्थानीयसंग भेट गरेकी थिईन् ।



सँम्भार: ईशिलालेख

# मोबाइल चोरी गरेको झुठा आरोपमा कुटपिटमा परेर एक दलित युवकको मृत्यु

***रूपेश यादव***
***रौतहट , १४ भाद्र***

रौतहटको कटहरिया नगरपालिका वडा नम्बर-४ बहादुरपुरमा मोबाइल चोरी गरेको झुठा आरोपका कारण कुटपिटमा परेर एक जना २८ वर्षिय दलित युवक नसिब बैठाको मृत्यु भएको छ ।



बैठाका भाईका अनुसार गत श्रावण १६ गते बेलुकीको समयमा बैठा गाउँमै रहेको एउटा पसलमा बसेर कुरा गरिरहेको अवस्थामा स्थानिय संजय यादव, विजय यादव,गर्भु गोसाइँ,शम्भु गोसाइँ,प्रभु गोसाइँ र लक्ष्मी गोसाइँको समुहले कुटपिट निर्मम तरिकाले गरी बैठाले मोबाइल चोरी गरेको स्विकार गर्न लगाएपनि उनले आफुले मोबाइल चोरी न गरेको बताए पछि,केही व्यक्तिले बैठालाई घरसम्म छोडेर फर्केका थिए ।

तर फेरि पनि त्यसको भोली पल्ट अर्थात श्रावण १७ गतेका दिन संजय र विजय यादव लगायतका समुहले बैठाको घरमा गई, उनलाइ समातेर आँखामा पटि बाँधी गाउँ भन्दा करिब ३०० मिटर टाढा लगी आपको रुखमा रसिले उल्टो बाध बाधेर साइकलको चैन,बेल्ट तथा हात,मुका समेतले मर्नासन हुने गरि निर्घात कुटपिट पछि प्रहरीलाई फोन गरी प्रहरीको जिम्मा लगाएका थिए ।

तर इलाका प्रहरी कार्यालय कटहरियामा पञ्चायती हुदा बैठा निर्दोष साबित भएको थियो,अर्थात बैठाले मोबाइल चोरी गरेको पुष्टि भएन । त्यसपछि प्रहरीले बैठालाई निर्दोष भन्दै छोडेको थियो । तर कुटपिटका कारण बैठाको शारिरिक अवस्था एकदमै कमजोर भएपछी अर्थात उ हिडडुल गर्न न सक्ने भएपछि बैठाका भाइले बैठालाई उपचारका निम्ति बिरगंज स्थित स्पोट् अस्पताल मा लगी उपचार गराएका थिए, र उपचार कै क्रममा बैठाको मृत्यु भयो ।

बैठाका भाईले मृत्यु पश्चात् आफुहरुले न्याय तथा छतिपुर्ति न पाउन्जेलसम्म बैठाका शवलाई न जलाउने अडान लिएपनि गाउँघरकै ठुलाबडा का दवाबमा शव जलाउन बाध्य भएको बताए । र पछि इलाका प्रहरी कार्यालय कटहरियामा मुदा दिए पनि हालसम्म प्रहरीले आफुहरुलाई कुनै वास्ता नै न गरिरहेको र यता गाउँ घरमा केहीव्यक्तिले मुदा मिल्न दवाब समेत दिरहेको बताए ।

# पर्सा मदिरा व्यवसायी संघको परिचयात्मक कार्यक्रम सम्पन्न

***पवन प्रसाद साह***
***बिरगंज , १४ भाद्र***

पर्सा मदिरा व्यवसायी संघले संघ गठन भएको पहिलो बैठकको रुपमा बिरगन्जको होटेल बृन्दावनमा आफ्ना सदस्यहरु बिच भेट्घाट तथा परिचयात्मक कार्यक्रम सम्पन्न गरेको छ ।





मदिरा व्यवसायी सँग पटक पटक भइरहेको समस्या र सो समस्या समाधानका लागि ९ सदस्यीय कार्यसमिति गठन गरि यहि चैत्र १७ मा जिल्ला प्रशासन कार्यालय पर्सा बाट संस्था दर्ताको प्रमाण पत्र लिई संघमा ४० सदस्यीय संख्यामा बिस्तार गरि सदस्य बीच परिचयात्मक कार्यक्रम गरेको हो ।

पहिलो प्रस्तावित समितिमा अध्यक्ष चिनिलाल पटेल,उपाध्यक्ष संदिप गुप्ता, महासचिव प्रदिप कु. लोहार, सचिव रजनिश कुमार, कोषाध्यक्ष राकेश कु.साह, सदस्य मनिष प्र.कलवार, अनिल कु.चापागाईं, राम कु.यादव रंजित जयसवाल चयन भएका थिए । संघका अध्यक्ष चिनीलाल पटेलको अध्यक्षता तथा मदिरा व्यवसायी संघका वरिष्ठ सल्लाहकार संजय अग्रवालको प्रमुख आतिथ्यता मा सप्पन्न भएको सो कार्यक्रम पहिलो सत्रमा औपचारिक र दोस्रो सत्रमा परिचयात्मक र समस्या सुनुवाइ गरि दुई चरनमा सम्पन्न भएको थियो । कार्यक्रम को सहजीकरण संघका महा सचिव प्रदिप कुमार लोहारले गरेका थिए ।

# पर्सामा हालसम्म झाडापखालाका ७१२ केस दर्ता, १६२ जनामा हैजा पुष्टि : स्वास्थ्य कार्यालय पर्सा

***बीरगंज, १४ भाद्र***

स्वास्थ्य कार्यालय पर्साका अनुसार शनिबार बिहानसम्म वीरगंज महानगरपालिका र पोखरिया नगरपालिकाका अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा सात सय १२ केस दर्ता भएका छन् ।जस मध्ये १६२ जनामा हैजा रोगको संक्रमण पुष्टि भएको छ। जनस्वास्थ्य कार्यालय पर्साको निमित्त प्रमुख बिनोद झाले शनिबार एक सुचना जारी गर्दै यस्तो जानकारी दिएका छन्। साथै हाल ३३ जना बिरामी आइसियुमा, ४ जना एचडीयूमा र १५८ जना सामान्य वार्डमा उपचाररत छन् भने हालसम्म ५१७ जना बिरामी निको भएर डिस्चार्ज भइसकेका छन् भने १९५ जना अझै उपचाररत छन् । र्‍यापिड डायग्नोस्टिक टेस्ट मार्फत गरिएको परीक्षणमा १६२ जनामा हैजा पुष्टि भएको छ। हैजा पुष्टि भएकामध्ये १०१ जना डिस्चार्ज वा अन्यत्र रिफर भएका छन् भने ६२ जना उपचाररत छन् ।



मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय पर्सा
वीरगंज

प.सं.:-२०८२।०८३
च.नं.:- ८२

प्रेस विज्ञप्ति

मिति: २०८२/०५/१४

पर्सा जिल्लामा हालसम्म झाडापखाला तथा हैजा जस्ता पानीजन्य रोगहरु देखिएका छन्। २०८२ भाद्र १४ गते बिहान ७ बजे सम्मको विवरण अनुसार वीरगञ्ज महानगरपालिका र पोखरिया नगरपालिका क्षेत्रका अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा जम्मा ७१२ वटा केस दर्ता भएका छन्, जसमा हालसालै मात्र ७७ नयाँ केस थपिएका छन्। तीमध्ये ३३ जना बिरामी ICU मा, ४ जना HDU मा र १५८ जना सामान्य वार्डमा उपचाररत छन्। हालसम्म ५१७ जना बिरामी निको भई डिस्चार्ज भएका छन् भने १९५ जना अझै उपचाररत रहेका छन्।

यसैगरी, हैजा सम्बन्धी RDT परीक्षण अनुसार हालसम्म जम्मा १६२ वटा केस पोजिटिभ भेटिएका छन्। तिनीमध्ये १०१ जना बिरामी डिस्चार्ज वा अन्यत्र रिफर भइसकेका छन् भने ६२ जना अझै उपचाररत छन्।

२०८२ साल साउन २८ गतेदेखि तराई अस्पतालमा झाडापखालाका केस देखिन थालेका थिए। भाद्र ५ गते पहिलो पटक हैजाको केस पुष्टि भएपछि स्थानीय तहसँग समन्वय गरी तत्काल काम सुरु गरिएको हो। सोहि दिनदेखि संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, . EDCD, NHEICC, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मधेश प्रदेश, स्वास्थ्य निर्देशनालय, स्थानीय तह र सम्बन्धित निकायहरुसँग सहकार्य गर्दै जनचेतनामूलक गतिविधिहरु जस्तै रेडियो संदेश, रिक्शा माइकिङ्ग तथा घरदैलो प्रचार कार्यक्रम सुरु गरिएको थियो। भाद्र ७ गते स्वास्थ्य कार्यालयको पहलमा वीरगञ्ज महानगरपालिका प्रमुख, प्रमुख प्रशासकिय अधिकृत तथा स्वास्थ्यकर्मीहरुको सहभागितामा बैठक बसेर २२ वटा टोली जनचेतनामूलक कार्यका लागि र ५ वटा समूह तथ्यांक संकलनका लागि गठन गरिएको थियो। स्थानिय तह को नेतृत्व, स्वास्थ्य कार्यालय को समन्वय र बिभिन्न सहयोगि निकायको सहयोगमा Case investigation गर्ने क्रम जारी छ। साथै आपूर्ति व्यवस्थापन केन्द्र, मधेश प्रदेशबाट विभिन्न चरणमा RDT किटहरु र औषधि प्राप्त भएको थियो। उक्त RDT किटहरु र औषधि अस्पतालहरुलाई र स्थानियतहलाई वितरण गरिएको छ। थप RDT किटहरु र औषधिको लागि आपूर्ति व्यवस्थापन केन्द्र, मधेश प्रदेश, EDCD र अन्य सहयोगि संघासस्था सँग पहल भईरहेको छ। संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, EDCD, WHO, UNICEF र IFRC को सहयोगमा प्रकोपको मुख्य कारण पत्ता लगाउन पानीको नमुना संकलन गरी सेन्ट्रल ल्याबमा पठाइएको छ। हालसम्म विभिन्न स्वास्थ्य शिक्षा, जनचेतना तथा रोग नियन्त्रण सम्बन्धी गतिविधिहरु निरन्तर सञ्चालन भइरहेका छन्।

**निष्कर्षस्वरूप**, पर्सा जिल्लामा हैजा तथा झाडापखालासम्बन्धी अवस्थामाथि निरन्तर निगरानी राख्दै नियन्त्रणका कार्यहरु भइरहेको छ। स्वास्थ्य कार्यालय, पर्सा सबै नागरिकलाई सफा पिउने पानी प्रयोग गर्न, पकाएको खाना मात्र खाने, व्यक्तिगत तथा घरपरिवारको सरसफाइमा ध्यान दिन र कुनै पनि लक्षण देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न हार्दिक अनुरोध गर्दछ।

बिनोद झा
नि. कार्यालय प्रमुख

बिनोद झा
नि. कार्यालय प्रमुख

स्वास्थ्य कार्यालयका अनुसार, गत साउन २८ गतेदेखि तराई अस्पतालमा झाडापखालाका केस देखिन थालेका थिए । भदौ ५ गते पहिलो हैजाको केस पुष्टि भएपछि स्थानीय तह, सङ्घीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, मधेस प्रदेश स्वास्थ्य निर्देशनालय, इपिडिमियोलोजि तथा रोग नियन्त्रण महाशाखा, विश्व स्वास्थ्य सङ्गठन, युनिसेफ, आइएफआरसी लगायतका निकायहरूसँग समन्वय गरी नियन्त्रणका प्रयासहरू तीव्र पारिएको छ । जनचेतनामूलक कार्यक्रमहरू जस्तै रेडियो सन्देश, रिक्शा माइकिङ र घरदैलो अभियान सञ्चालन गरिएको छ ।

भदौ ७ गते स्वास्थ्य कार्यालयको पहलमा वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र स्वास्थ्यकर्मीहरूको बैठकले २२ वटा टोली जनचेतना र ५ वटा टोली तथ्याङ्क सङ्कलनका लागि गठन गरेको थियो । मधेस प्रदेशको आपूर्ति व्यवस्थापन केन्द्रबाट आरडीटी किट र औषधिहरू प्राप्त भई अस्पताल र स्थानीय तहमा वितरण गरिएको छ । थप किट र औषधिका लागि समन्वय भइरहेको छ । साथै, प्रकोपको कारण पत्ता लगाउन पानीका नमुनाहरू सेन्ट्रल ल्याबमा पठाइएको छ ।

स्वास्थ्य कार्यालय पर्साले सबै नागरिकलाई सफा पिउने पानी प्रयोग गर्न, पकाएको खाना खान, व्यक्तिगत र घरायसी सरसफाइमा ध्यान दिन र लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्न अनुरोध गरेको छ । रोग नियन्त्रण र निगरानीका कार्यहरू निरन्तर जारी रहेको स्वास्थ्य कार्यालयका निमित्त प्रमुख विनोद झाले बताएका छन् ।

# पूर्व राष्ट्रपति भण्डारीको आह्वान : "महिलाले आत्मविश्वासका साथ नेतृत्व लिनुपर्छ"

***बीरगंज, १४ भाद्र***

पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीले महिलाहरूलाई आत्मविश्वासी बनेर समाजलाई सकारात्मक ढंगले चुनौती दिँदै परिवर्तनको नेतृत्व लिन आह्वान गरेकी छन् । वीरगंज उद्योग वाणिज्य संघद्वारा आयोजित 'बृहत महिला सम्मेलन-२०८२' को उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले महिलाको उद्यमशीलता देशको आर्थिक समृद्धिसँग गाँसिएको बताइन् ।

"महिलाको अग्रसरता सिंगो राष्ट्रको हित" वीरगंज जस्तो व्यापारिक केन्द्रमा महिलाको सक्रिय सहभागिता केवल व्यक्तिगत सफलता नभई सिंगो देशको अर्थतन्त्र बलियो बनाउने प्रक्रियाको हिस्सा भएको उल्लेख गर्दै भण्डारीले भनिन्, "महिला उद्यमशीलतालाई सम्मान गर्नुपर्छ, प्रोत्साहन गर्नुपर्छ र आगामी पुस्तालाई प्रेरणा दिनेगरी अघि बढ्नुपर्छ ।"

समाजमा अझै कायम रहेका लैंगिक असमानता, पूर्वाग्रह र अवरोधहरूबारे टिप्पणी गर्दै उनले महिलाहरूलाई ती संरचनालाई तोड्ने आत्मबल आवश्यक रहेको बताइन् । "परिवर्तन आफैंबाट सुरु हुन्छ," भन्दै भण्डारीले महिलालाई नेतृत्वदायी भूमिकामा अघि सर्न आग्रह गरिन् । आत्मनिर्भर अर्थतन्त्र निर्माणमा

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - सुवर्ण गाउँपालिका, बारा